वर्ष ३, अंक १, माघ–चैत, २०७३

*Voice of Indigenous Women*

# आदिवासी महिला आवाज

राष्ट्रिय त्रैमासिक पत्रिका




## यसभित्र ...


- आठौं मानवअधिकार राष्ट्रिय महाभेला-२०७३
- वनकरिया समुदायलाई भूमि अधिकार सम्बन्धी तालिम
- भूकम्प पीडितलाई राहत
- राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको चिनारी


CamScanner

का.जि.प्र.का.द.नं. १२८/०५६/०५७

# आदिवासी महिला आवाज

वर्ष ३, अंक १, माघ-चैत, २०७३

**सल्लाहकार**
सुनी लामा
यशोकान्ति भट्टचन

**सम्पादक**
कृष्णकुमारी वाइबा

**सम्पादन सहयोगी**
निर्मला भुजेल
सावित्रा चेपाङ

**कानुनी सल्लाहकार**
अधिवक्ता सरला मोक्तान

**व्यवस्थापन**
सुशिला गोले
कमला गुरूङ

**प्रकाशन सहयोग**
दक्षिण एसियाली महिला कोष (SAWF)
मामा क्याश (Mama Cash)

**कार्यालय**
राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
काठमाडौं महानगरपालिका-३५, पुरानो सिनामंगल,
पेप्सीकोला, काठमाडौं
पोष्ट बक्स नं.: ११९२३, सुन्धारा, काठमाडौं
फोन नं.: ०१-५१५६११३, फ्याक्स नं.: ०१-५१५६२९७
Email: niwfnepal@gmail.com
Website: www.niwfnepal.org.np

**मुद्रण**
सिटी अफसेट प्रेस, कुपण्डोल, ललितपुर
फोन नं. ०१-५२६०७५२

# सम्पादकीय

यस संस्थाले प्रकाशन गर्दै आएको त्रैमासिक पत्रिका "आदिवासी महिला आवाज"को वर्ष-३, अङ्क-१ पाठक समक्ष पस्कने जमर्को गरिएको छ। यस अवधिमा आदिवासी महिलाहरूको नेतृत्व र विकासमा आएको परिवर्तनको स्थिति, यस संस्थाले आदिवासी जनजाति महिलाको अधिकार र विकासका लागि पुऱ्याएको सहयोग, सरकारी, गैरसरकारी निकायहरूसँग साझेदारी र खबरदारी गर्दै आदिवासी महिलाको अधिकार प्राप्तिका लागि आदिवासी महिलाहरूलाई नै सशक्त बनाउन विभिन्न कार्यक्रम र अभियानहरू सञ्चालन गर्दै आएको जानकारी गराउन चाहान्छौं।

यसमा आठौं मानवअधिकार राष्ट्रिय महाभेला-२०७३, आदिवासी युवा महिलाहरूको नेतृत्व विकास, तालिम, आर्थिक सशक्तीकरणका लागि तरकारी खेती तालिम, कपडा वितरण, स्टेशनरी वितरण, खाद्यान्न वितरण, भूकम्प प्रभावित क्षेत्रका वनकरिया र थामी बस्तीमा घर निर्माण, दनुवार बस्तीमा सामुदायिक भवन निर्माण लगायतका समाचारहरू समाविष्ट गरिएको छ।

हामी आशा गर्दछौं, विगतका प्रकाशनलाई झैं यस प्रकाशनलाई पनि पाठक सबैले मन पराउनु हुनेछ। आगामी अङ्कमा प्रकाशन गर्नका लागि लेख, रचना र समाचारहरू हामीलाई पठाउनका लागि अनुरोध गर्दै यहाँहरूको सुझाव प्राप्त हुन सकेमा हामी आभारी हुने थियौं।

धन्यवाद।

# मन्तव्य

यस आदिवासी महिला आवाज बुलेटिन विगत वर्षदेखि तपाईंहरू समक्ष प्रकाशन गरी हाम्रो यस संस्थाको परिचय तथा गतिविधि राख्न पाउँदा खुशी लागेको छ । २०५५ सालदेखि यस संस्थाले आदिवासी महिलाहरूको अधिकार र समानताको लागि निरन्तर प्रभावकारी प्रयासहरू निर्वाह गर्दै आएको छ । यस अवधिमा देशमा थुप्रै राजनीतिक परिवर्तनहरू भए । नेपालको ऐतिहासिक संविधान बन्यो । संविधानमा राज्यको माथिल्लो तहमा ३३% र स्थानीय तहमा ४०% महिला सहभागिता सुनिश्चित भयो । दलित महिलाहरूको लागि संविधानमा नै संवैधानिक कोटा आरक्षण गरियो । पहिलो संविधानसभामा भन्दा दोस्रो संविधानसभामा महिला सभासदहरूको संख्या घट्न गए पनि स्थानीय चुनावमा धेरै संख्यामा महिलाहरू प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यहरूमा निर्वाचित भएको अवस्था छ । तर विडम्बना यस ऐतिहासिक परिवर्तनमा आदिवासी महिलाहरूलाई आरक्षणको व्यवस्था गरिएन ।

संख्यात्मक रूपमा आदिवासी महिलाहरूको उपस्थिति देखिए पनि संवैधानिक रूपमा व्यवस्था भएन । आदिवासी तथा आदिवासी महिलाको सवाललाई सम्बोधन गर्न राज्यले पुनः संविधान संशोधन गर्न आवश्यक देखिन्छ । साथै, समग्र महिला तथा आदिवासी तथा आदिवासी महिलाका पक्षमा अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता र नियमहरूलाई कार्यान्वयन गरी समान सहभागिता गर्न जरूरी देखिन्छ । साथै, राज्य संरचनामा राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक र सांस्कृतिक परिवेश अनुसार विशेष संरक्षणको हक प्रत्याभूत गर्न आवश्यक देखिन्छ ।

**सुनी लामा**
अध्यक्ष



CamScanner

# आठौं मानवअधिकार राष्ट्रिय महाभेला-२०७३

मानव अधिकारको इतिहासमा सनफ्रान्सिस्को नगरमा विभिन्न राष्ट्का प्रतिनिधिहरूको भेलाले संयुक्त राष्ट्रसंघको वडापत्रलाई मञ्जुर गरेर त्यसद्वारा "संयुक्त राष्ट्र" भन्ने अन्तर्राष्ट्रिय सङ्गठनको स्थापना गरेको पाइन्छ। १० डिसेम्बर १९४८ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा पारित प्रस्ताव नं. २१७ (३) बाट ग्रहण र घोषणा गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights (UDHR) मानव अधिकारको क्षेत्रमा कोशे ढुङ्गा सावित भएको छ। घोषणापत्रलाई ३० वटा धारामा विभाजन गरिएको छ। निहित लक्ष्य र सिद्धान्त अनुरूप लिङ्ग, जाति, वर्ण, धर्म, भाषा, राजनीतिक विचार, राष्ट्रिय वा सामाजिक उत्पति, सम्पत्ति, जन्म वा अन्य कुनै पनि आधारमा विना भेदभाव सबैका लागि मानव अधिकार एवम् मानवको आधारभूत स्वतन्त्रताको सम्मानलाई प्रोत्साहन गरेको छ।

विश्व मानचित्रमा नेपाल एक सानो र भूपरिवेष्टित मुलुक हो। नेपाल सानो मुलुक भएर पनि भाषिक, धार्मिक, सांस्कृतिक, जातीय र क्षेत्रीय विविधतायुक्त एक सुन्दर देश हो। विश्वका सबै राष्ट्रहरूको साझा सङ्गठन संयुक्त राष्ट्रसंघको नेपाल एक सदस्य राष्ट्र हो। संयुक्त राष्ट्रसंघको एक सदस्य राष्ट्र हुनुले संयुक्त राष्ट्रसंघको वडापत्र, राष्ट्रसंघद्वारा पारित निर्णयहरू, घोषणापत्रहरू, प्रतिज्ञापत्रहरू, जारी गरिएका अभिसन्धि, सन्धि, महासन्धि, अन्तर्राष्ट्रिय कानुन लगायत अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरू मार्फत अधिकारहरूको सम्मान, संरक्षण, सम्वर्द्धन तथा पालना गर्नुपर्ने दायित्व नेपालको पनि रहेको छ।

मानव अधिकारको विश्वव्यापी घोषणा भएको दिन सन् १९४८, १० डिसेम्बरलाई संसारभरिका मानव अधिकारकर्मीले ऐतिहासिक शुरूआतको रूपमा सम्झना गर्दै विश्वव्यापी मानव अधिकार दिवस मनाउँदै आएको छ।



नेपालमा पनि विभिन्न मानव अधिकारकर्मी संस्था र निकायहरूले आ-आफ्नै ढङ्ले १० डिसेम्बरका दिन मानव अधिकार दिवस मनाउँदै आएको थियो । दिवसलाई फरक संस्था र निकायले फरक-फरक मनाउनेभन्दा पनि एक महाभेला राष्ट्रिय समिति बनाएर एकीकृत रूपमा मानव अधिकार दिवस मनाउने कार्यको आरम्भ २०६६ साल (सन् २००९) मा भएको थियो। यस महाभेला प्राथमिक रूपमा अधिकारप्रति जिम्मेवार निकाय (राज्यका सबै अङ्ग र संयन्त्र तथा राजनीतिक दल)लाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व पूरा गर्न, लोकतन्त्रलाई सुदृढ बनाउन तथा सबै नेपालीको मानव अधिकार संरक्षण, सम्वर्द्धनका लागि दबाब दिन यस मञ्च प्रभावकारी सावित भएको छ। साथै यो मञ्च अधिकारवालालाई आफ्ना अधिकारको दाबी गर्न, न्याय माग्न र विभेद, अन्याय तथा असमानताका विरुद्ध आवाज उठाउन सचेत बनाउन पनि उपयोगी बनेको छ।

महाभेलाले आम नेपाली जनता तथा यहाँका मानव अधिकारवादी सङ्घ-संस्था र मानव अधिकार रक्षक बीचमा रहेको एकता, समर्पण तथा सहकार्यको प्रतिनिधित्व गर्दछ । समग्रमा महाभेलाको लक्ष्य भनेको आम जनता, राजनीतिक दल, विभिन्न समुदाय तथा समूहका समान विचारका संस्था तथा व्यक्तिको सहभागितामा राज्यद्वारा मानव अधिकारका अन्तर्राष्ट्रिय मान्यताको पालनाका लागि स्पष्ट आह्वान सहित न्यायपूर्ण तथा शान्तिपूर्ण समाज स्थापनाका लागि योगदान गर्नु हो।

महाभेलाले सबैको मानव अधिकारको सुदृढीकरण तथा एकीकृत विस्तारका लागि रणनीतिक निर्देशन प्रदान गर्दछ। जनचेतना विस्तार गर्दै नेपाली मानव अधिकार आन्दोलन अझ बलियो बनाउन यसले मद्दत गर्दछ र राजनीतिक दल, सरकारी निकाय, मानव अधिकार सङ्घ-संस्था तथा समान विचारका अन्य संस्थाबीच साझा मञ्च तयार गरी नेपालमा एकीकृत रूपमा मानव अधिकारका मान्यताको कार्यान्वयनका लागि पैरवी गर्न यस भेलाले वातावरण तयार गर्दछ। महाभेलाले समानता, स्वतन्त्रता तथा न्याय प्राप्तिका लागि मानव अधिकार संरक्षण, सम्वर्द्धन र संस्थागत गर्नका लागि विविध पक्षमा आफ्ना अनुभव, स्रोत साधन तथा कामका विवरण आदानप्रदान गर्न अधिकारवाला र अधिकार वहनकर्ताहरू तथा जिम्मेवार निकाय लगायत सम्बन्धित सबैलाई एकै ठाउँमा उभिन सहयोग गर्दछ।

हालसम्म यी महाभेलाहरू मानव अधिकार आन्दोलनलाई जारी राख्नका लागि महत्त्वपूर्ण भएका छन् भने आगामी वर्षहरूमा पनि सामाजिक एकता र सहिष्णुतामा योगदान गर्दै मानव अधिकार संरक्षण, सम्वर्द्धन, सम्मान र रक्षाका लागि सर्वाधिक सफलता हासिल गर्न सक्नेछन्।

आदिवासी जनजाति महिला, आदिवासी जनजाति, लोपोन्मुख समुदाय, अति सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदायको विकास र अधिकारका लागि कार्यरत राष्ट्रिय संस्था **राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च**ले प्राप्त गरेको महत्त्वपूर्ण उपलब्धिको पहिचान गर्दै मानव अधिकार राष्ट्रिय महाभेला समितिले वि.सं.२०७३ को महाभेलाको रीाष्ट्रय संयोजन तथा आयोजना गर्ने जिम्मेवारी ३० भाद्र २०७३ तद्अनुसार १५ सेप्टेम्बर २०१६ का दिन बीबीसीको कार्यालयमा सम्पन्न राष्ट्रिय समितिका सल्लाहकार तथा मूल आयोजक समितिको बैठकले मञ्चलाई प्रदान गर्ने निर्णय गरे अनुसार बीबीसीले २ आश्विन २०७३ तद्अनुसार १८ सेप्टेम्बर २०१६ मा हस्तान्तरण गरेको थियो।






## मानव अधिकार राष्ट्रिय महाभेलाका उद्देश्य

१. विश्वव्यापी घोषणापत्र अनुसार मानव अधिकारका आधारभूत सिद्धान्तको आधारलाई सम्मान गर्दै शान्ति, लोकतन्त्र, मानव अधिकार, समावेशिता, एकता, समान सहभागिता, विभेदरहित समाजको सिर्जना गर्न एवम् राज्यका सबै निकायमा सबै वर्ग, धर्म, लिङ्ग, समूह र समुदायको समान सहभागिताको प्रवर्द्धनका लागि समालोचनात्मक चेतना विकास गर्ने।

२. मानव अधिकार, शान्ति र विकासको प्रवर्द्धनमा क्रियाशील सरोकारवालाबीच सहयोग, सहकार्य, समन्वय र साझेदारी विकास गर्नका लागि अनुभव तथा सिकाइ आदानप्रदान गर्ने साझा मञ्चलाई संस्थागत विकास गर्दै सुदृढ गर्ने।

३. आदिवासी जनजाति महिला, महिला, विविधतामा रहेका महिला तथा बालिकाको सशक्तीकरणमा केन्द्रित रहेर उनीहरूको मानव अधिकार तथा नेतृत्व वृद्धिका लागि (सन् २०३० सम्म) लैङ्गिक समानता र दिगो विकास लक्ष्य अनुरूप उपलब्धि प्राप्त गर्न सक्षम बनाउने।

४. द्वन्द्वबाट प्रभावित आदिवासी जनजाति महिला, आदिवासी जनजाति, महिला, पुरुष र बालबालिकाको मानव अधिकार तथा सामाजिक न्याय सुनिश्चित गरि शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन सङ्क्रमणकालीन न्यायको वकालत गर्न।

५. हरेक तह र क्षेत्रमा न्याय र विविधतामा आधारित समावेशिता सहितको ५०:५० को नेतृत्व सन् २०३०सम्ममा सुनिश्चित गर्ने अभियानलाई निरन्तरता दिन।

## अभियानका अन्य मुख्य कार्यक्रमहरू यसप्रकार रहेका थिए

- ६८ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस-२०१६ को सन्दर्भमा मानव अधिकारका क्षेत्रमा प्राप्त उपलब्धिलाई चर्चा गर्दै २५ नोभेम्बरदेखि १८ डिसेम्बर २०१६ सम्म विविध कार्यक्रम सञ्चालन भएको।
- सम्माननीय उपराष्ट्रपतिबाट समारोहको समुद्घाटन भएको।
- मानव अधिकार वर्ष सम्मान २०१६ बाट महिला मानव अधिकारका क्षेत्रमा योगदान पुऱ्याउने महिलालाई सम्मान।
- मानव अधिकार सम्बन्धी कार्यशाला, अन्तरक्रिया, संवाद कार्यक्रम, विविध प्रदर्शनी, पदयात्रा आदि।

## विद्यमान अवस्थामा महिलाका मानव अधिकार सम्बन्धित सवालहरू

- लैङ्गिक समानताः दिगो विकास लक्ष्य,
- विपद्पछिको व्यवस्थापनको अवस्था,
- नेपालको संविधानमा आदिवासी जनजाति महिलाको अधिकार,
- जमिन र प्राकृतिक स्रोतमा मानव अधिकार,
- स्वच्छ खानेपानी, सरसफाइ र मानव अधिकार आदि।



CamScanner




# वनकरिया समुदायलाई भूमि अधिकार सम्बन्धी तालिम

मामा क्याश (Mama Cash) को आर्थिक सहयोगमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले मकवानपुर जिल्लाको मनहरी गाउँपालिका, वडा नं. ४ मा अवस्थित नेपालको लोपोन्मुख आदिवासी जनजाति वनकरिया समुदायलाई भूमि अधिकार सम्बन्धी दुई दिने (२०७३ चैत्र २१-२२ गते) तालिम दिइयो । समुदायका महिला पुरुष गरी जम्मा २९ जनाको सहभागिता थियो र तालिमको सहजकर्ता यशोकान्ति भट्टचन हुनुहुन्थ्यो ।

यस तालिममा सहजकर्ता भट्टचनले राष्ट्रिय नीति, भूमि अधिकार ऐन, प्राकृतिक स्रोत तथा वातावरण र सयुंक्त राष्ट्रसंघ संयन्त्रबारे जानकारी दिनुभयो । सरल शब्दमा व्यावहारिक अनुभवको उपयोग गर्दै कम साक्षर सहभागीहरूबीच उल्लेखित विषयहरूमा प्रशिक्षित गर्न सक्नु प्रशिक्षकको कौशलता र क्षमताको द्योतक थियो ।

पत्रकार प्रताप विष्ट जसले वनकरिया समुदायको हकहितका लागि सन् १९९० देखि वकालत गर्दै आइरहनुभएको छ, तालिममा उहाँको उपस्थिति पनि थियो ।

अहिले राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको पहलमा वनकरिया समुदायले नेपाल सरकारबाट ६ हेक्टर जग्गा (जुन राष्ट्रिय निकुञ्जको अधिकारमा रहेको छ) भोगचलन गर्न पाउने गरी २० वर्षको करारमा बसोबास गरिरहेका छन् । उनीहरूको भूमिमा अझै स्वामित्व रहेको छैन र यसको लागि राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले सम्बन्धित निकायहरूसँग पहल गरिरहेको छ ।

तत्कालिन सम्माननीय प्रधानमन्त्री डा. बाबुराम भट्टाराईले हाँडी खोला, मकवानपुर वनकरिया बस्तीमा एक रात बिताउनु भएको थियो । त्यही अवसरमा वहाँले वनकरिया समुदायलाई जग्गाको लालपुर्जा उपलब्ध गराइदिने वचन दिनुभएको थियो । तथापि, त्यो कार्यान्वयन हुन नसक्नु वनकरिया समुदायको लागि विडम्बना बन्न पुगेको छ ।



CamScanner

# भूकम्प पीडितलाई राहत

२०७४ वैशाख १२ र २९ गतेका दिन गोर्खा जिल्लाको बारपाकलाई केन्द्रविन्दु बनाएर आएको ७.८ रेक्टर स्केलको विनाशकारी महाभूकम्पले नेपालका १४ जिल्लामा मानवीय तथा भौतिक संरचनाहरूलाई क्षति पुऱ्याएको थियो । ती १४ जिल्लामध्ये ललितपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, रसुवा, मकवानपुर र दोलखामा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले विभिन्न राहतका सामग्री वितरण गरेको थियो ।

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले ३० मे, २०१५ मा सिन्धुपाल्चोक जिल्लाको बाँसबारी गाविसको माझी गाउँका भूकम्प पीडित २०० माझी परिवारलाई राहत स्वरूप घरेलु सामग्री (बाल्टी, जग, प्लेट, डेक्ची, आरी, डाडुपन्यो आदि) वितरण गरिएको थियो ।

उक्त कार्यक्रममा यस संस्थाका अध्यक्ष सुनी लामा, उपाध्यक्ष यशोकान्ति भट्टचन, कोषाध्यक्ष सुशिला गोले, सदस्यहरू सावित्रा चेपाङ, हिमा लिम्बू, परियोजना संयोजक रोजिना सावा, चिनिमाया माझी र स्वयंसेवक मनकुमारी लामाको सहयोगमा उक्त राहतका सामग्री वितरण गरिएको थियो ।

यस संस्थाले मे ३१, २०१५ मा काभ्रेको देवभूमि बालुवा-१० का भूकम्प पीडित अति सीमान्तकृत दनुवार समुदायलाई ३० के.जी. का दरले जम्मा १२९ बोरा चामल वितरण गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, परियोजना संयोजक र स्वयंसेविका चिनिमाया माझी उपस्थित हुनुहुन्थ्यो ।

गैरसरकारी संस्था टेवाको आर्थिक सहयोगमा यस संस्थाले काभ्रे र सिन्धुपाल्चोक जिल्लाका चार स्थानमा भूकम्प पीडितहरूलाई राहतका सामग्री वितरण गरिएको थियो । यस कार्यक्रममा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका अध्यक्ष सुनी लामा, उपाध्यक्ष यशोकान्ति भट्टचन, महासचिव कृष्णकुमारी वाइबा र स्वयंसेवक एलिना सावा लगायत स्थानीय जनप्रतिनिधि र राजनीतिक दलका प्रतिनिधिहरूको उपस्थितिमा सम्पन्न गरिएको थियो ।



सिन्धुपाल्चोकको माझी गाउँमा वितरण गर्न लागेका सामग्री ।



दनुवार महिलाहरू चामलको बोरा बोकेर आफ्नो घरतर्फ जादै । देवभूमि बालुवा, काभ्रे ।



संस्थाको अध्यक्ष तथा उपाध्यक्षबाट सिन्धुपाल्चोकमा राहत सामग्री वितरण गर्दै ।



जेठाल गाविस, सिन्धुपाल्चोकमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका उपाध्यक्ष यशोकान्ति भट्टचन तथा महासचिव कृष्णकुमारी वाइबा राहत सामग्री वितरणका लागि स्थानीय समुदायसँग ।



CamScanner



वैशाख १२ गते, २०७२ मा आएको विनाशकारी महाभूकम्पले क्षति गरेको घर, सिन्धुपाल्चोक ।



दनुवार महिला र पुरुषहरू चामलका बोराका साथमा, देवभूमि बालुवा, काभ्रे ।

काभ्रे जिल्लाको गौरीविसाउनी देउपुर गाविसको सल्लेबास-७ का भूकम्प पीडित २०० घरधुरीलाई १० मे, २०१५ का दिन डसना, साबुन, नून र सर्वोत्तम पिठो राहत सामग्री वितरण गरिएको थियो । यसैगरी कोदारी गाविस, वडा-८ का भूकम्प पीडित ३० घर दलित परिवारलाई र वडा ३ का ६७ घर तामाङ परिवारलाई पनि राहत सामग्री वितरण गरियो । श्री सावित्री बोहोराबाट सहयोग स्वरूप प्राप्त २५३ प्याकेट सर्वोत्तम पिठो पनि यस संस्था मार्फत सोही गाविसहरूमा बालबालिका तथा वृद्धवृद्धाहरूलाई वितरण गरिएको थियो ।

यसैगरी ११ मे, २०१५ मा सिन्धुपाल्चोक जिल्लाको जेठाल गाविस, वडा-७ का ५० घर भूकम्प पीडित परिवारलाई डसना, कम्बल र प्रति घर प्रति बोरा चामल वितरण गरिएको थियो ।

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले १ जुन, २०१५ मा काभ्रेको तत्कालीन गाविस पोखरी नारायणस्थानको वडा नं. २, ३, ८ र चापाखोरी गाविसको वडा नं. ६ मा भूकम्प पीडित २१४ परिवारलाई ३० के.जी.का दरले चामल वितरण गरियो । यसैगरी ३ जुन, २०१५ मा काभ्रेको लाखापुर वडा नं. १६ का भूकम्प पीडित २१ घरपरिवारलाई २१ बोरा चामल, मस्यौराका प्याकेट, खाने तेल वितरण गरिएको थियो । उक्त कार्यक्रममा संस्थाका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, परियोजना संयोजकको उपस्थित थियो ।

## भूकम्प पीडितलाई आवधिक तरकारी खेती तालिम

मकवानपुर जिल्लाको हालको मनोहरी नगरपालिका वडा नं. ४ मुसेधारामा लोपोन्मुख वनकरिया समुदाय बसोबास गर्दै आइरहेका छन् । उनीहरूको नाममा जग्गा-जमिन नभएका कारण सरकारले दिएको सीमित क्षेत्रमा आफ्नो जीवनयापन गरिरहेका छन् । सदियौंदेखि शिक्षा र रोजगारीको अवसरबाट वञ्चित रहेका वनकरियाहरूको आयआर्जन र जीविकोपार्जनको कुनै पनि विकल्प नरहेको अवस्था हुँदा यस संस्थाले उनीहरूलाई आवधिक तरकारी खेती तालिम सञ्चालन गर्नुका साथै बीउ समेत उपलब्ध गराइएको थियो । थप जानकारीका लागि चितवन जिल्ला कृषि कार्यालयसँग समन्वयन गरी उनीहरूलाई थप कार्यक्रम पनि ल्याउन सफल भएको थियो । जस्तैः मल बनाउने, सुधारिएको गोठ बनाइ मलमूत्र संकलन गरी कीटनाशक विषादी कसरी बनाउने भन्ने विषयका साथै समुदायलाई हाते ट्र्याक्टर उपलब्ध गराइएको थियो । समग्रमा भन्नु पर्दा विगतको तुलनामा हाल यो समुदायमा धेरै नै सकारात्मक परिवर्तनहरू देख्न पाइन्छ/सकिन्छ ।





त्यसैगरी दोलखा जिल्ला तत्कालीन सुन्दरावती गाविस वडा नं. ७ स्थित भूकम्प पीडित थामी समुदायमा उनीहरूको जीविकोपार्जनमा सहजता ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले कृषि प्राविधिक देविप्रसाद गौतमको सहयोगमा आवधिक तरकारी खेती तालिम र बजार व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रम सम्पन्न गरियो । यस तालिमबाट ५० घरधुरी लाभान्वित हुनुभएको छ । हाल सो समुदायका केही घरधुरीले तरकारी खेतीको व्यावसायिकता तर्फ उन्मूख हुने प्रयत्नमा रहेकाले उनीहरूको आर्थिक अवस्थामा पनि सुधार हुन सकिने देखिन्छ ।



CamScanner



मकवानपुर बनकरिया बस्तीमा घर निर्माण गर्दै ।



बनकरिया महिला नयाँ बनेको घर लिप्दै

## वनकरिया समुदायमा घर निर्माण

MADREUSA र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको आर्थिक सहयोगमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चले मकवानपुर जिल्लाको मनहरी गाउँपालिका, वडा नं. ४ मा अवस्थित भूकम्प पीडित नेपालको लोपोन्मुख आदिवासी जनजाति वनकरिया समुदायका १९ परिवारको लागि घर निर्माण गरियो । राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चका प्रतिनिधिहरू १५ र १६ अगष्ट, २०१५ मा उक्त स्थानको सर्वेक्षण तथा समुदायसँग अन्तरक्रिया गरी आवश्यकतालाई आधार मानेर १९ परिवारलाई घर निर्माण गरिदिने निर्णय गरी वर्षौंदेखि अन्धकारमा बसेका वनकरिया समुदायलाई विद्युत प्राधिकरणसँग समन्वयन गरी विद्युत लाइन जडान गरी प्रमुख जिल्ला अधिकारीबाट उद्घाटन गरिएको थियो । साथै, १०० थान कम्बल र विद्यार्थीलाई झोला वितरण गरिएको थियो ।

## चेपाङ बालिकालाई शैक्षिक सामग्री वितरण

२२औं विश्व आदिवासी दिवसको उपलक्ष्यमा राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको अध्यक्ष, उपाध्यक्ष, महासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको संलग्नतामा धादिङ जिल्लाको गजुरीमा रहेका चेपाङ छात्रावासका २० जना छात्राहरूलाई स्टेशनरी, लगाउने कपडा वितरण गरिएको थियो । त्यस छात्रावासमा विद्यालयको सुविधा नभएका विकट गाउँका र आर्थिक स्थिति पनि अति नै कमजोर भएका परिवारका छात्राहरू बस्ने र अध्ययन गर्ने गर्दछन् ।







CamScanner

# राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको चिनारी

नेपालका आदिवासी जनजाति महिलाहरूलाई राज्यले संरचनागत र निरन्तर विभेदमा पारेका छन् । आदिवासी जनजाति महिलाहरू आदिवासी महिला भएकै कारण आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, जातीय र लैङ्गिक उत्पीडन झेल्नु परेको छ । यस प्रकारका विभेदहरू अन्त्य गर्न आदिवासी महिलाहरूमा सचेतना जगाउँदै, सशक्तीकरण तथा सवलीकरण गर्दै उनीहरूको नेतृत्व विकास गर्न अपरिहार्य भएको छ ।

नेपालमा सञ्चालन भएका महिला अधिकार र विकासका प्रयासहरूमा सहभागी हुन आदिवासी जनजाति महिलाहरूलाई स्थानीय तहदेखि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहसम्म सङ्गठित हुन सचेत, सशक्त, सबल र सफल बन्न/बनाउन संस्थागत प्रयासको टड्कारो खाँचो भएकोले **महिला, आदिवासी जनजाति र आदिवासी महिलाको अधिकार र विकासका क्षेत्रमा** अनुभव हासिल गरेका आदिवासी महिलाहरूको नेतृत्वमा **राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च** को स्थापना वि.सं. २०५५ असोज महिनामा भएको थियो ।

आदिवासी जनजाति महिलाका सवालहरू अन्य गैरआदिवासी जनजाति महिला तथा आदिवासी जनजाति पुरुषका समस्या र सवालहरू भन्दा भिन्न र विशिष्ट प्रकारका छन् । आदिवासी जनजाति महिलाको सचेतना जगाउन, आदिवासी जनजाति महिला र बालबालिकाको हक, अधिकार सुनिश्चित गर्न, जनवकालतलाई सघन बनाउन र जनवकालत, तालिम, छलफल, अन्तर्क्रिया, अध्ययन, अनुसन्धान, जीविकोपार्जन, पुनर्स्थापना, भौतिक पूर्वाधारका कार्यहरू र अन्य समसामयिक आवश्यकता अनुसारको कार्यक्रम र अभियानहरू सञ्चालन गरी सहयोग पुऱ्याउने लक्ष्य राखी **राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च** आदिवासी महिलाको विकासका लागि निरन्तर लागि रहेको छ ।

## लक्ष्य

यस संस्थाको लक्ष्य जातीय र लैङ्गिक समानता हासिल गर्ने र आदिवासी जनजाति महिलाहरूलाई देश विकासमा सहयात्री बनाउने हुनेछ ।

## उद्देश्यहरु

- लोपोन्मुख र अति सीमान्तकृत अवस्थामा रहेका आदिवासी जनजाति तथा आदिवासी जनजाति महिलाहरूको हक र अधिकार सुरक्षित गर्नको लागि पैरवी र जनवकालतको साथै उनीहरूको संस्थागत विकास, क्षमता अभिवृद्धि गर्ने ।
- पछाडि पारिएका आदिवासी जनजाति महिलाहरूका आर्थिक, भाषिक, सामाजिक, धार्मिक, राजनीतिक तथा सांस्कृतिक पक्षलाई सुदृढ बनाउन सहयोग पुऱ्याउने ।
- आदिवासी जनजाति महिलाहरूका सामाजिक अवस्थासँग सम्बन्धित विभिन्न विषयमा अनुसन्धान गरी सवाल तथा समस्याहरूको विश्लेषण गर्ने र आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
- आदिवासी जनजाति महिलाहरूका बारेमा विभिन्न पत्रपत्रिका र निर्देशिका प्रकाशन गरी जनचेतना जगाउने ।
- शोषित, पीडित अवस्थामा रहेका आदिवासी जनजाति महिलाहरूलाई आफ्नो हक अधिकार सुरक्षित गर्न, सचेत गराउनका साथै मानव बेचबिखन, चेलीबेटी बेचबिखन, वैदेशिक रोजगार तथा देहव्यापारको बारेमा सचेतना जगाई संगठित रूपमा अगाडि बढ्न प्रोत्साहन गरी निर्मूल गर्न सहयोग गर्ने ।
- स्थानीय निकाय तथा नेपाल सरकारको स्वीकृति लिएर समाजमा विद्यमान रहेका विभिन्न प्रकारका स्वास्थ्य, शिक्षा, वन, जलवायु परिवर्तन, वातावरण तथा सरसफाइ, खानेपानी, लघुजलविद्युत, भूमी तथा खाद्य अधिकार, नवीकरणीय उर्जा, गोबर ग्याँस जस्ता समस्याहरूको सामाधानको लागि मानवीय तथा भौतिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- आदिवासी जनजाति महिलाहरूको अधिकार र विकासका लागि विद्यमान समस्या र चुनौतीहरू समाधानका लागि राजनीतिक दल, नीतिनिर्माता, स्थानीय निकाय, नागरिक समाज र अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्ने ।
- नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय महासन्धि, सन्धि, अभिसन्धि र घोषणापत्रहरू सम्बन्धी आदिवासी जनजाति महिलाहरूलाई स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सचेत गराउनुको साथै कार्यान्वयनको लागि वकालत तथा पैरवी गर्ने ।

CamScanner




▲ निफ्का पदाधिकारीहरूबाट भूकम्प पीडितलाई राहतका सामग्री वितरण गर्दै ।



▲ भूकम्पले क्षतिग्रस्त घरहरू, माझी गाउँ, सिन्धुपाल्चोक ।



▲ चेपाङ विधार्थीहरूलाई निफ्का पदाधिकारीहरूबाट शैक्षिक सामग्री वितरण गरिँदै, धादिङ ।



▲ वनकरिया विधार्थीहरू, वनकरिया वस्ती, मकवानपुर ।




▲ आठौं मानव अधिकार राष्ट्रिय महाभेलामा थकाली संस्कारबाट अतिथिको स्वागत गरिँदै ।

CamScanner